प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

**प्रमाणपत्र तह नर्सिङ् कार्यक्रमको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको रिक्त कोटाको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रकाशित मितिः २०७८/१२/०२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७८/०८/०८ गते शैक्षिक सत्र २०७८/७९ का लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम प्रविणता प्रमाणपत्र तह नर्सिङ कार्यक्रमको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा विद्यार्थी छनौटका लागि तोकिएको मिति र समय भित्र Online फाराम भरेका योग्य आवेदकहरु मध्येबाट डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (चौथो संशोधन २०७८) तथा उल्लेखित सूचना अनुसार यस कार्यालयबाट बिभिन्न चरणमा प्रकाशित नतिजा बमोजिम सिफारिस गरिएको शिक्षण संस्थामा तोकिएको मिति र समय भित्र भर्ना हुन नआई रिक्त रहेको कोटाहरुमा तपसिल बमोजिमका योग्यताक्रम अनुसारका विद्यार्थीहरु पुनः सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ । सिफारिस भएका विद्यार्थीहरुले मिति २०७८/१२/०८ गते सम्म कार्यालय समय भित्र अनिवार्य रुपमा आफ्नो शैक्षिक योग्यता, नागरिकता, आँफु वर्गीकृत छात्रवृत्तिको जुन समुहमा छनौट भएको हो, सो को सक्कल प्रमाणपत्रहरु र Online छात्रवृत्ति छनौट आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित भर्ना भई सक्नुपर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका बमोजिम विद्यार्थीहरु भर्ना गर्न गराउनुहुन अनुरोध छ ।

**निर्देशक**